
# ममता




- चन्द्रकला नेवार

# म
# म
# ता


चन्द्रकला नेवार



प्रकाशक

वनिता प्रकाशन

विराटनगर

| | | |
|---|---|---|
| कृति | - | ममता |
| विधा | - | कथासङ्ग्रह |
| रचनाकार | - | चन्द्रकला नेवार |
| सर्वाधिकार | - | रचनाकारमा सुरक्षित |
| प्रकाशक | - | वनिता प्रकाशन<br>विराटनगर- ०२१-३०६८१<br>काठमाडौं- २०४३२७५ |
| आवरण चित्र | - | नरेन्द्रबहादुर श्रेष्ठ |
| प्रथम संस्करण | - | २०२२ श्रावण |
| दोस्रो संस्करण | - | २०६१ आषाढ, भानु जयन्ती |
| प्रकाशित प्रति | - | १००० |
| मुद्रक | - | बगलामुखी अफसेट प्रेस<br>कोपुण्डोल, ललितपुर, काठमाडौं, नेपाल<br>फो.नं. ५२००९९ |
| कम्प्युटर | - | कृष्ण कर्माचार्य, ४२३१२३९ |
| मूल्य | - | रू.४५।- |
| ISBN: | - | 99933-744-4-x |

---

MAMATA
A Collection of Stories
by
Chandrakala Newar

मरू प्रान्तमा खोजेर
जसले प्राण पाउँछ
यो 'ममता' उसैमा
समर्पित छ ।

– **चन्द्रकला**

# प्रकाशकीय

लगभग मेरो जन्मसँगै चन्द्रकला नेवारका कथाहरू जन्मन थालेका कुरा श्री ५ को सरकार प्रचार र प्रसार मन्त्रालय प्रचार विभागबाट २०२२ सालमा नै यसैको पहिलो संस्करण प्रकाशन गरेबाट नै स्पष्ट हुन्छ । २०२२ सालमा यो कृति प्रकाशनमा आएतापनि उहाँले १६-१७ वर्षको उमेरदेखि नै लेख्न थाल्नु भएको हो । अर्थात् २०१५-१६ सालदेखि नै कथा लेखन थाल्नु भएको कुरा उहाँ आफैं प्रस्ट्याउनु हुन्छ ।

चन्द्रकला नेवार नेपाली साहित्यको आकाशमा चिरपरिचित नाम हो । विभिन्न विधामा कलम चलाउने चन्द्रकला भारतमा रहुन्जेल पनि नेपाली भाषा साहित्यको लागि मरिमेट्ने एउटा सिद्धहस्त लेखिका भएको कुरा ४० वर्षअघि लेखिएका उहाँका कथा शिल्पीबाट अनुमान लगाउन सकिन्छ ।

कलिलो उमेरमा लेखिएका कृतिकारका ७ वटा कथाहरूलाई नबढाइकन, नसजाइकन, नकाटी-नछाटी जस्ताको तस्तै दोस्रो संस्करणमा निकालिएको छ । प्रकाशकीय र कथाकार माया ठकुरीका केही कुराहरू अनि कृतिकारका भनाईमा मात्र केही थप गरिएको छ । कृतिलाई भने केही सजाएर पहिलेको संस्करण भन्दा फरक पार्ने कोसिस गरिएको छ ।

प्रस्तुत कृतिको नामाकरण गरिएको 'ममता' शीर्षकको कथा २०२१ सालमै 'अखिल भारतीय लघुकथा प्रतियोगितामा

प्रथम भएको थियो । साथै, भारतको आसाममा बी.ए. को पाठ्यक्रममा समेत यो कथा समावेश भएको जानकारी गराउन पाउँदा खुशी लागेको छ ।

यो कृति ३८ वर्ष अगाडि नै पहिलो संस्करण २००० प्रति प्रकाशित भए तापनि सबै प्रति सकिएकाले यसको अभाव खड्कियो र वनिताले प्रकाशनमा ल्याएको छ। वनितालाई पुनर्प्रकाशनको अवसर दिनु भएकोमा कथाकार चन्द्रकला नेवारप्रति आभारका साथ हार्दिक धन्यवाद दिन चाहन्छु । वनिता प्रकाशनले उहाँजस्तो स्थापित कथाकारको कथासङ्ग्रह प्रकाशन गर्न पाउनु वनिताको सौभाग्य हो। यसका लागि कथाकार माया ठकुरीज्यूप्रति पनि आभार व्यक्त गर्दछु ।

अन्तमा फेरि पनि कृतिकारप्रति गद्गद् हुँदै यसको आवरण चित्रका लागि नरेन्द्रबहादुर श्रेष्ठ तथा पुस्तक छपाईमा प्राविधिक सहयोग गरिदिने पत्रकार जयदेव भट्टराईज्यूलाई हार्दिक धन्यवाद । त्यस्तै कम्प्युटर सेटिङ्ग गर्ने कृष्ण कर्माचार्य र कभर डिजाइनका लागि इमेजलाई पनि धन्यवाद दिन चाहन्छु ।

**– लक्ष्मी उप्रेती**

मिति : २०६१।३।५

प्रकाशक

वनिता

# मेरो दृष्टिमा 'ममता'

आज नारीलाई हेर्ने पारिवारिक तथा सामाजिक दृष्टिकोणमा शनैः शनैः परिवर्तन आइरहेको छ, जसको प्रभाव हाम्रो साहित्यमा पर्नु स्वाभाविक नै हो ।

एउटा स्रष्टाले आफ्नो जीवन सँगसँगै आफूले साहित्य रचना गर्ने क्रममा सिर्जेका अनेकौं चरित्रहरूलाई पनि भोगेको हुन्छ । तिनै मानसिक भोगाइहरूको फलस्वरूप उसको लेखनीबाट रचनाको निर्माण हुन्छ जस्तो मलाई लाग्दछ ।

कथाकार, कवि, गीतकार र गायिका चन्द्रकला नेवारद्वारा लिखित कथासङ्ग्रह 'ममता' पढ्ने सु-अवसर प्राप्त भयो ।

चन्द्रकलाजीद्वारा रचित कथाहरू छोटा मिठा छन् ।

चन्द्रकला नेवारले आफ्नो लेखनमा नारी जीवनका विभिन्न पक्ष, उनीहरूका कोमल भावना तथा मानवीय जीवनका अनेक पाटाहरूलाई बडो सरल र सरस ढंगमा प्रस्तुत गर्नु भएको छ ।

कथाकारले आफूले सिर्जना गरेका पात्रहरूप्रति पनि न्याय नै गर्नु भएको छ भन्ने मलाई लागेको छ । उहाँको लेखनीले निरन्तरता पाइरहोस् !

२/२/२०६१

माया ठकुरी
काठमाडौं

# दुइ कुरा

## तीतो-पीरो

जीवनको नूनिलो आँशुको झोल मुटुले नचाखेसम्म जीवनलाई चिन्न गाह्रो पर्छ । किनहोला, जीवनलाई चिनेर पनि चिन्न सकिँदैन ? अवश्य, आफूले जन्माएका छोरा-छोरीलाई त आमा-बाबुले चिन्न सक्दैनन् भने पति-पत्नी औ प्रेमी-प्रेमिकाका कुरा त बेग्लै हो । माया-ममताको आडमा सम्बन्ध हुन्छ वा कसैले गराइदिन्छन्- ढाँटेर होस् वा छलेर, सत्यको आधारमा होस् वा कूटनीति खेलेर; जसै तसै मानिस बाँच्न चाहन्छन् । अरूलाई बिगारेर आफू सप्रिन चाहन्छन्, अरूलाई रुवाएर आफू हाँस्न चाहन्छन्, अरूलाई मारेर पनि आफू बाँच्न चाहन्छन्, मूर्दारूपी हृदयमा पनि धुक्धुकी ल्याउन चाहन्छन् । पाठकवर्गले मेरा उपर्युक्त कुराहरूबाट नसम्झनुहोला कि मैले दुइचारवटा कथा लेखी जीवनको परिभाषा दिइरहेकी छु- यो मेरो धृष्टता हुनेछ ।

सबै कल्पना सत्य हुँदैनन् । तर सत्यको आधार होइन पनि भन्न सकिँदैन । त्यसैले सत्य-असत्य, कल्पना-वास्तव यी सबैलाई नै सँगालेर आफ्नै आँखिझ्यालमा देखा पर्न पर्न खोजेका कतिपय घटनालाई कथाको रूपमा ल्याउने प्रचेष्टा गरें ।

यो मेरो प्रथम प्रयास हो । कथाहरू सिकारु अवस्थामा लेखिएका हुन् । भूलभ्रान्तिका लागि क्षमा प्रार्थना छ ।

मलाई साहित्य-पथमा अंगाडि पाइला चाल्न उत्साहित गराउँदै बीच-बीचमा अमूल्य सल्लाह दिने, फेरि भएन- यस पुस्तकको पाण्डुलिपि तयार गर्न सहायता गर्ने दाज्यू श्री हरिभक्त कटुवालप्रति चिरकृतज्ञ रहनेछु ।

मलाई सधैं कथा लेख्ने प्रेरणा दिइरहने शुभेच्छुकवर्ग प्रति पनि कृतज्ञता प्रकट नगरी सक्तिन ।

कटिहार ।
१ बैशाख, २०२२ — **– चन्द्रकला**

आज म जहाँ छु– त्यहाँबाट पछाडि फर्केर जब आफ्नै जीवनलाई हेर्दछु, जीवनलाई 'कठै' भन्न मन लाग्छ । कवि रवीन्द्रनाथ ठाकुरको त्यो पंक्ति सम्झन्छु– "मानुस् जाहा पाय् . भूल करे पाय्, जाहा चाय् ताहा पाय्ना ।" अर्थात् "मानिसले जे चाहन्छ त्यो पाउँदैन, जे पाउँछ- गल्तीले पाउँछ ।" सायद जीवन यस्तै हुन्छ । सजिलो जीवन-यापन खोज्नु– जीवनदेखि भाग्नु हो ।

भन्छन्– चरा र माछा अत्याधिक निरीह प्राणी हुन्छन् । मेरो यस् कथासङ्ग्रहका महिला पात्रहरू पनि गहिरिएर हेर्दा त्यस्तै.... त्यस्तै लाग्छ । तैपनि यो मेरो प्रथम प्रयास थियो । त्यस्बेलाको परिवेश पनि त्यस्तै थियो । आजको परिवेश बेग्लै छ । आजको यो प्रतिस्पर्धात्मक युगमा मानिसले जीवनबाट कोमलता, प्रेमभावना, वयस्कप्रति श्रद्धा-सद्भावना हृदयका कुना-कुनाबाट निकालेर फ्याँकिसकेका छन् । यो पनि आजको बदलिंदो युगको प्रभाव नै होला ।

यो कथासङ्ग्रहको 'ममता' कथा 'अखिल भारतीय लघु कथा प्रतियोगिता'मा प्रथम भएको हो । यस् कथासङ्ग्रहका पात्र-पात्रीलाई जिउँदो राख्न गरेको प्रयासका निम्ति वनिता प्रकाशनलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै यस कृतिलाई सुन्दर एवं कलात्मक आवरण दिनु भएकोमा कवि तथा कलाकार नरेन्द्रबहादुर श्रेष्ठज्यूप्रति आभार व्यक्त गर्दछु ।

मेरो यो कथासङ्ग्रहको दोस्रो संस्करण निस्कने थिएन होला यदि मेरा श्रीमान डा. डी. बी. श्रेष्ठ, छोरी डा. सुजाता प्रधान, कथाकार माया ठकुरीजी, कवयित्री लक्ष्मी उप्रेतीजीले मलाई बारम्बार नघच्घच्याएको भए.......

२०६१ असार

**चन्द्रकला नेवार**

# सूची पत्र


| | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | वृत्त | ११ |
| २. | वुभुक्षा | १९ |
| ३. | ममता | २४ |
| ४. | सावित्री | २८ |
| ५. | अपराजिता | ३४ |
| ६. | एक दीप : दुइ पुतली | ४१ |
| ७. | अभिशप्त | ४५ |

# वृत्त–

ती दुइ आँखा के के हराए जस्ता, के के खोजे जस्ता कस्ता... ... ... ... कस्ता ... ... ... आकाशिए जस्ता ! ती दुइ ओठ-- के के भन्न खोजे जस्ता ! थुप्रो कुरा लुकाए जस्ता, अनि फेरि न अँटेर निस्कन खोजे जस्ता ! थर्थर वा थर्केको ? काँप्ने ... ... ! कस्तो कामेको ? एकछिन पछि ... ... ... त्यो निधारमा चिट् चिट् पसिना पनि निस्के। हेर्दाहेर्दै पसिनाको धारा छुटयो। पसिनाले सारा शरीर निथ्रुक्क भिज्यो। सास फेर्न पनि नभ्याए जस्तो छिटो छिटो सास फेर्न थाली। एक्कासि चिच्याई ... ... ... 'म सक्दिन' अनि मूर्च्छित भएर भूइँमा पछारिन पुगी।

उ सरासर निस्केर हिंड्यो। उ जति जति अघि बढ्दै थियो– उसका पाइताला उति उति भूइँमा घस्रिँदै गए जस्तो लाग्यो।

हिंड्दा हिंड्दै बीचमा एकपल्ट उभिएर पछिल्तिर फर्केर हेऱ्यो। चारैतिर आँखा घुमायो। मनमनै भन्यो-- देख्न ता कसैले पनि देखेको छैन। स्वस्तिको सास फेऱ्यो अनि अघिको भन्दा अझ छिटो छिटो पाइला सार्न थाल्यो।

'बहिनी तिमीलाई कस्तो छ ?' उसको सर्वाङ्ग शरीरमा हजारौं सियोले घोचे जस्तो लाग्यो। आफू सह्मालिँदै, केही साहस बटुलेर भनी-- 'मलाई के भएको छ र ? म सञ्चै छु।' उसले फेरि पनि सोध्ने प्रयास गऱ्यो-- तर सोधेन। त्यहाँबाट निस्क्यो र आफ्नो अफिसभित्र पस्यो। एकछिन पछि अफिसको चप्रासी दगुर्दै आएर भन्यो-- 'तपाईलाई रायसाहबले बोलाउँदै हुनुहुन्छ। आफूले कामगर्दै गरेको टाइप् मसिन नै उचालेर त्यस साहब भनाउँदोको टाउकोमा बजारेर सदाको निम्ति अफिस त्यागेर हिंड्न मन लाग्यो उसलाई। तर, ऊ लाचार थिई। उसले केही भन्न, गर्न सकिन होलाकि ? चूप लागेर बसिरही। चप्रासी रायसाहबको अफिसको ढोकानेर भएको सानो टुलमा गएर बस्यो।

उसित एकैसंग काम गर्ने रीना, वीणा, उषा, आदि सबैले एकैचोटि भने-- 'जाउ शान्ता ... ... ... ... जाउ ! तिम्रो त यसपालि डबल इन्क्रीमेण्ट हुन्छ के ... ... ... ।' उसले रीसले आँखा देखिन। तर, उसले कसैलाई के गर्न सक्थी र ? आफैले आफ्नो घांटी च्यापेर मरूँ कि जस्तो लाग्यो। यत्तिकैमा रायसाहबको स्वर सुनियो।

'शान्ता ! यता आउ आउ।'

उ नगई भएन। गई। रायसाहेबले भने-- 'बस। एउटा

कुरो छ ।' उ बसी । 'भन्नुहोस् के कुरो हो ?'

रायसाहेबले सुस्तरी भने–– 'शान्ता ! धेरै दिन अघिदेखि नै तिमीलाई एउटा कुरो भन्छु भन्ने विचार गरेथें––तर ... ... ... ।' रायसाहेबले त्यो असम्पूर्ण वाक्यले उसको मुटु नै हल्लायो । अघि–पछि यसो हेरी । त्यसबेला ढोकानेर बस्ने चप्रासी पनि त्यहाँ थिएन । उसका हात खुट्टा सबै लुला भए । निःशब्द भएर बसिरही । शान्ताको त्यो अवस्था बुझेर होला रायसाहेबले फेरि भने–– 'होइन, भरे घरैमा आउँला । अहिले तिमी जाउ ।' उ बसेको ठाउँबाट उभिई । सकिनसकी पाइला सार्ने बल गरी तर किन हो उसका पाइला राम्ररी टेकिंदैनथ्यो । बल्ल तल्ल अफिसको ढोका बाहिर आई । एकछिन उभिएर फेरि हिंड्न थाली । उ सरासर घरतिर लागी ।

बले ढोका थुनेर बसेको थियो । शान्ताले बिस्तार बिस्तार ढोकामा हानी । बलेले दगुर्दै आएर ढोका खोल्यो । बलेले आश्चर्य मान्दै सोध्यो–– 'दिदी ! तपाइं किन आज चाँडो आउनु भयो ? चार बज्यो र ?' उ झसङ्ग भई । 'ए... ... ... म त ... ... ...' भन्दै बाहिर निस्की । फेरि 'आ ... ... ... भो जान्न' भन्दै घरभित्र पसी ।

दिन धुम्मिएको हुनाले अत्यन्त जाडो थियो । बले चिया बनाउने तरखर गर्न थाल्यो । शान्ता सिरकमा गुटुमुटु भई । बलैले आँखा चिम्म गरेर सिरकले मुख छोपी । एकछिन पछि अनुहारजति निकाली । के के सोच्न थाली । आज छुट्टी हुनुभन्दा दुइ घण्टा अघि नै अफिसबाट आई । उसलाई नरमाइलो लाग्यो । नोकरी छुट्यो भने ? एउटा अव्यक्त डरले उसको छाती हान्न

थाल्यो ।

भान्साघरबाट बले करायो--

'दिदी ! चिया तपाइंलाई त्यहीं ल्याउँ ?'

'हुन्छ, ले ?' त्यति भनेर उ ओछ्यानबाट उठी । एकछिन पछि बले चिया खाजा लिएर आयो ।

'म त चिया मात्र खान्छु ।'

'होइन, खाजा पनि खानु होस् । तपाइंकै निम्ति बनाएँ । तपाइंले खानु हुन्न भन्ने चाल पाएको भए बनाउने नै थिइन ।'

बलेले सकेसम्म ढिपी गऱ्यो तर, उसले खाइन । विरक्त मान्दै भनी-- 'मैले खान्न खान्न भनिसकेपछि फेरि तँ किन ढिपी गर्छस् ?'

बले घोसेमुण्टो लगाएर भान्सा घरतिर गयो । बले रिसाएछ क्यार ! उसले अडकल गरी र दुइ-तीन घुडको चियाले घाँटी भिजाई र फेरि लम्पसार भएर ओछ्यानमा पल्टी ।

उसलाई किन हो आज अतीतलाई मात्र सम्भिmरहूँ, खूब रोउँ, रुंदा रुंदा यी दुइ आँखालाई शुष्क मरुतुल्य बनाउँ ती अतीतका सुनौला क्षणहरूलाई अन्तिम चिता जले भैं जलाएर खाक पारुंजस्तो लाग्यो । न त उसले आँखा मरुतुल्य बनाउन सकी, न मूक अतीतलाई बिर्सन सकी । खूब रोई । सागरजति नै रोइहोली । तर, जीवित छउञ्जेल आँसुको अभाव हुनेछैन । अतीतलाई पनि बिर्सन सक्दिन यो उसले राम्ररी अनुभव गरी ।

बिजुली चम्केभैं उसका दृष्टिमा पतिको अनुहार चम्कन थाल्यो । मानो उसको मृत पतिले औंला ठडचाएर भनिरहेछ-- 'शान्ता ! तिमी पतिता भयौ ! तिमीमा पवित्रता छैन ।'

'उफ् ! ... ... ... नाथ ! त्यसो नभन्नु होस् ! मैले ... ... ... मैले सांसारिक सफलतालाई अपनाएकी हुँ ... । तपाइंको सम्झनाको प्रतीक भई मेरो हृदयमा नरेश बसेको छ । त्यसलाई संसार चिन्हाउन कर लाग्यो । मेरो प्राणभन्दा पनि प्यारो नरेशलाई उपयुक्त मानिस बनाउन मैले यो सब गरें । मलाई क्षमा गर्नुहोस् नाथ ... ... ...।' पगली झैं फतफताउन थाली । बलेले 'दिदी' भन्दा उ साह्रै तर्सी । एक्कासी चिच्याई, 'बले तँ कहाँ छस् ?' 'म यहीं छु दिदी । तपाइंलाई के भयो ?' सुप्त तन्द्राबाट उ ब्यूँझी । 'ए ... ... ...केही होइन । तँ कहाँ जान तयार भइस् ?' बलेले सङ्कोच मान्दै भन्यो–– 'सिनेमा जाउँ भनेको ... ... ... ।'

'जान त । भरे चाँडै आएस् है ।' बले रमाउँदै हिडयो ।

बले हिंडेपछि भने उसलाई साह्रै शून्य लाग्यो सुतिरहन मन पनि लागेन । उठेर बसी । भित्तामा टाँगेको उसको पतिको तस्वीर हेर्न थाली । आँखा झिमसम्म पनि नगरी । एकहोरो हेरी रही । कता हो कता टाढातिर सनई बजेजस्तो लाग्यो । सनईको स्वर झन् झन् तीब्र हुन थाल्यो । धेरै मानिसको खलबल पनि सुनिन थाल्यो । उसले आफूलाई दुलहीको रूपमा देखी । बिहान पनि भएछ । उसलाई अन्माएर गाडीमा चढाएछन् । अनि ... ... ... बिहाको मधुर रात । त्यसपछि उसले आफ्नो सुखमय दाम्पत्य जीवनलाई सम्झँदै गई । ईश्वरको विधान कस्तो विचित्र । एकदिन अकस्मात् कालले उसको पतिलाई ग्रास गर्‍यो । अनि ... ... ... आज ... ... ... !! सुक्क सुक्क रुन थाली । उसको मानस चक्षुमा केवल उसको पतिको प्रतिमूर्ति उदाइरहन थाल्यो । उसलाई अनुभव हुन थाल्यो मानो यतिका दिनसम्म उसले

आफ्ना पति प्रति अन्याय मात्र गरिछ ।

एकछिन पछि उसको पतिको अनुहार क्षीण, अस्पष्ट हुँदै गयो । कता हो कता शून्यमा विलुप्त हुन गयो । त्यो शून्य ठाउँलाई पूर्ण गऱ्यो साना साना आँखा भएका गोरो ठूलो रायसाहबको अनुहारले । अपूर्णताको अदम्य लोभले नियालेर उपट्टि हेरिरहेको त्यो अनुहार । के रायसाहबले मसित प्रेम गरेका हुन् ?उनले भनेका ती सबै भनाइमात्र हुन् न प्राणको अनुभूति सिञ्चित स्पन्दन पनि हो ? उसलाई एक प्रहेलिकामय प्रश्नले सतायो । एकछिनमै उ सिद्धान्तमा पुगी– आखिर पुरुष-पुरुषै हो । उनीहरूलाई कुनै पनि स्त्री भए पुग्छ । स्त्रीले अलिकति माया गरिदिए परितृप्त हुन्छन् ।

रायसाहबको चप्रासी बाहिरबाटै करायो– 'दिदी, ढोका खोल्नुहोस् त ! उसले ढोका खोली । चप्रासीले एउटा खाम दिँदै भन्यो––'रायसाहबले पठाउनु भएको ।' यति भनेर उ हिंडिहाल्यो । शान्ताले खाम च्यातेर हेरी । खामभित्र सय सयका दुइ वटा नोट र दुइ-चार हरपको सानो चिठ्ठी रहेछ । लेखेको थियो– 'भरे आठ बजेतिर आउनेछु । दुइसय रुपियाँ पठाएँ । अवहेलना नगरी ग्रहण गरे है ।' उसको अन्तरबाट घृणा र क्रोधको ज्वाला निस्क्यो । कस्तो निर्लज्ज मानिस ? उसले पठाएको रुपियाँ च्यात्च्युत् पारेर आगामा हालि-दिउँजस्तो लाग्यो । अकस्मात् अघिल्लो दिन नरेशले पठाएको पत्रको कुरा सम्झी– "आमा, यस महीनामा एकसय साठी रुपियाँ चाहिन्छ । एक दुइ दिनभित्र म आइपुग्नेछु ।" उसले त्यो नोट च्यात्न सकिन ।

एकछिनसम्म उ विचार शून्य भएर बसी । कसैले ढोकामा

ठक् ठक् हिर्कायो । उ झस्की । जुरुक्क उठेर ढोका खोली । रायसाहब मुसु-मुसु हाँस्दै भित्र पसे । उ काठको पुतलीझैं उभी रही । रायसाहब आफै चौकी तानेर बसे । "बले कहाँ गयो ?" रायसाहबले सोधे ।

'सिनेमा ।' मानो वाक् शक्ति नै हरायो । रायसाहब निःशब्द भएर बसे । यसो यताउति हेर्दै बसेका ठाउँबाट उठे । रायसाहबको अनुहार कस्तो कस्तो हुन थाल्यो । शान्ता साह्रै आत्तिई उसको अन्तरले हाहाकार गर्‍यो । उसले देखी रायसाहब उ भएतिर बढिरहेछन् । रायसाहेबले आफ्नो बलिष्ठ दुइ बाहु अघि बढाए । भयङ्कर राक्षसले आफ्ना दुइ बाहु फैलाएर उसलाई ग्रास गर्न अघि बढेजस्तो लाग्यो । अनि ... ... ... ! अनि उसको विवश आत्मा छट्पटायो । आफूलाई त्यस राक्षसको बन्धनबाट मुक्त गराउन खोजी तर ... ... ... !! विवशता यस्तो हुन्छ– जसले नारीलाई धेरै खण्डमा अन्यायको बल्दो ज्वालाभित्र पनि निश्चल भई जल्न बाध्य गराउँदछ । उसमा त्यसको विरोध गर्ने शक्ति हुँदैन ।

सहसा उसको कानमा कसैको पद्ध्वनि आएर ठोकियो । मानो उसले उसलाई एक किसिमको उग्र शक्ति प्रदान गर्‍यो– जसको प्रभावले पशुतुल्य रायसाहबको बन्धनबाट आफूलाई मुक्त गराउन कष्ट भएन । नारीले जब उग्ररूप धारण गर्दछे उसलाई कुनै शक्तिले पनि थाम्न सक्दैन । रायसाहब भूँइमा उत्तानो परे । उ दगुर्दै बाहिर निस्की । उसले देखी नरेश अत्यन्त वेगले फर्केर जाँदैछ । जुन नरेशका लागि उसले आफ्नो जीवनलाई जीवन ठानिन उही नरेश आज उबाट टुरिंदै गइरहेको छ ।

उसको मुटु नै फुट्ला झैं भएर अन्तरबाट एक क्षीण शब्द निस्क्यो... ... ... "नरेश ... ... ... !" नरेशलाई उसले चिच्याएर बोलाउन खोजी तर, उसको अवरुद्ध कण्ठबाट बोली निस्कन सकेन ।

# वुभुक्षा–

नवजात शिशुको रुवाई सुषमालाई अत्यन्त नराम्रो लाग्यो। शिशु क्याहाँ क्याहाँ रोइरहेथ्यो। उसले मनमनै गौरव अनुभव गरी। ––"आजदेखि म आमा भएँ। यसले मलाई आमा भनी बोलाउने छ। मायाको निम्ति गर्नुपर्ने प्रत्येक उपकरणहरू नै सम्पन्न गरेर यसको पालन-पोषण मैले गर्नेछु।" अनि विजय ? उसको पति विजय पनि आजदेखि बाबु भयो। उसले सोची– "उनलाई पनि त यसले बाबु भनी बोलाउने छ। उनले पनि मैले जति नै आनन्द अनुभव गर्नेछन्। आनन्दमात्र किन हुन्थ्यो– गर्व अनुभव गर्नेछन्। आनन्दले उ आत्मविभोर भई। आत्मविभोर पो नहोस् किन ? उसको शुष्क मरुमय जीवनमा त्यस बेला त्यो शिशुले हरितिमा ल्याएको थियो।

सुषमालाई सबैले घृणा गर्दथे । कुरै-कुरामा सबैले उसलाई बाँझी भन्दथे । तर, विजय भने उसलाई अत्यन्त माया गर्दथ्यो । सबैले घृणा गर्दथे भनेर नै होला उसले माया गरेको पनि । अवश्य, विजयले त्यति माया नगरिदिएको भए शायद आजसम्म उ जीवित पनि रहन सक्ने थिइन होला ... ... ... । पुत्रलाभको कामनाले विजयको अन्तरमा हाहाकारको सृष्टि गरेको थियो भन्ने पनि सुषमालाई थाहा थिएन । उसले भने सधैं सोध्ने गर्दथी ।

"तपाईलाई छोरा-छोरीको रहर लाग्दैन ?"

"अहँ ।"

"-- किन ?"

"किनभने मलाई तिमीले अहिले जति माया गर्दछ्यौ, मबाट तिम्रा छोरा-छोरीले त्यो माया खोस्नेछन् ।" मानो उसले बुझेर पनि बुझ्न सकिन– र फेरि सोधी--

"--होइन होइन साँचो भन्नोस् न ।"

अहिले भने विजयले गम्भीर भएर भन्यो--"मेरी सुषमा ! तिम्रो रहर मलाई जति थियो औ छ, त्यसभन्दा अधिक अरू रहर मलाई छैन ।" तैपनि उ सोच्दथी-- "के विश्वास ?"

मानिसका आशा अभिलाषाको समाप्ती कहिल्यै हुँदैन । सधैं मानिसले आफ्नो प्राप्यभन्दा अधिक कामना गर्दछन् । मानिसले जति पाउँछ, अझ उति नै पाउने आकांक्षा बढ्न जान्छ । आशा अभिलाषाको विराम हुँदैन । जस्तै--एकदिन सुषमा र विजयमा प्रेमको घनिष्ठ सम्बन्ध थियो । दुवैले दुवैलाई अत्यन्त माया गर्दथे । त्यस पवित्र प्रेमको आकांक्षा थियो उनीहरू दुवैलाई विवाहको पवित्र बन्धनले बाँध्ने ।

उनीहरू दुवैलाई विवाहको पवित्र बन्धनले बाँध्यो ।

विवाहको रात दुवैले दुवैलाई सर्वस्व सुम्पे । जीवनको धारा वदलियो । दुवै सन्तुष्ट भए ।

विवाह भएको छः वर्षपछि-- । उसको काख अझै रित्तो थियो । उसले आफ्नो यौवन र जीवनको मूल्याङ्कन गरी हेर्छे । सबै निरर्थक लाग्छ उसलाई । उसको सर्वस्व निरस् खोक्रो र अपदार्थ भएको अनुभव गर्छे । एक्कासी उसलाई डर डर लाग्छ । मुटु थर्रर काम्छ । उसको भित्री मनले प्रश्न गर्दछ– "के उनमा परिवर्तन आउला ?" पुत्र लाभको कामनाले उनको अन्तरमा पनि हाहाकारको सृष्टि गर्ला" अवश्य मानिस मन औ विचारधाराको सारा कालिमालाई आत्माको एउटै हाहाकारले कहिले, कहाँ औ कसरी पुऱ्याउँछ– भन्न सकिँदैन । त्यस बेला उ बौलाही जस्ती हुन्थी । चारैतिर केवल अन्धकार देख्दथी ... ।

सासूले उसलाई साह्रै घृणा गर्दथी । सासू भन्दथी– "बिहानै सुतेर उठ्ने वित्तिकै बाँझीको ता अनुहार पनि हेर्नु हुँदैन । सारा दिन अशान्तिले बित्दछ । कतै हिंड्ने साइतमा पनि हेर्नु हुँदैन । चिताएको कहिल्यै पुग्दैन रे । छोरालाई अर्को बिहे गर भन्दा पनि मान्दैन, मर्ने बेलामा नातिको मुख हेर्न पाइएला कि भनेको पनि त्यत्तिकै भयो । त्यस बाँझीलाई देख्दा साक्षात् देवीलाई देखे झैं गर्छ । छिः मलाई पो लाज लाग्छ । हग्नेलाई भन्दा देख्नेलाई लाज ।"

त्यस बेला सुषमाले आफ्नो जीवनलाई जीवन नठानेर पूर्वजन्ममा गरेको कुनै पापको प्रायश्चित ठान्दथी अनि रुन्थी ... ... ... केवल रुन्थी ... ... ... ! गाउँ–छिमेकीले पनि घृणा गर्दछन् भन्ने कुरा कानले नसुने पनि उसको अन्तरले अनुभव

गर्दथ्यो । त्यस दिनको कुरो--जमुनी बज्यैको नातिको पास्नी थियो । विजयका जहानलाई पनि निम्त्याएका थिए । तर, कारणवश घरका कोही पनि जान नसक्ने भए । सुषमाले भने नगई नछोड्ने जिद्दी गरी । विजयले केही वाधा दिएन । उ गई । पास्नीमा त्यही शिशुलाई दिन भनी बुनिराखेको मोजा र टोपी पनि लिएर गई । पुग्नेवित्तिकै शिशुलाई काखमा लिएर एक खेप म्वाई खाई । मोजा-टोपी लगाईदिई ।मातृत्वले हरहर भएको छातीमा त्यस शिशुलाई टाँसी । क्षणभरको निम्ति भएपनि उसले आफ्नो रित्तो काख पूर्ण भएको अनुभव गरी । यत्तिकैमा उसले देखी एउटी अधवैंसे आइमाईले जमुनी बज्यैको कानमा के के भनी त्यसैले भनेका सबै नसुने पनि-- 'छ महीनाको खेर गएको थाहा छैन र ... ... ...?' भन्ने वाक्यले भने उसको मुटु छेडिसकेको थियो बज्यैले पनि शिर हल्लाई र उ भए ठाउँमा आएर भनी-- "नानी ! एकछिन नातिलाई दिनुहोस्- केही खुवाउनुपर्‍यो ।" एकछिन त वाल्लपरेर बज्यैको मुखैमा हेरिरही । बज्यैले 'ख्वै, ख्वै' भन्दै हात बढाउँदा उ झस्की । हत्तपत्त बज्यैको काखमा शिशु राखि दिई ।

उसले आफूलाई आफ्नो जीवनलाई धिक्कारी । अन्तरमा ईश्वरप्रति उपेक्षाको भाव जाग्यो । उसको छाती नै चिरेर मौन चित्कार निस्क्यो--'ईश्वर ! तिमी कति निष्ठूर !' उसको विवश आत्मा छट्पटायो । कसैलाई थाहा नदिई घरतिर दगुरी । त्यो रात उसलाई निद्रा परेन । सारा रात रोएर बिताई ।

"सुषमा ! के सोचेकी त्यसरी ? नानी रोएको सुनिनौ ?" विजयको स्वर सुनेर उ झस्की ! नानी क्याँहा क्याँहा रोइरहेको थियो । तन्मय भएर रोइरहेको नानीलाई हेरिरहेकी थिई । हत्तपत्त

उठेर नानीलाई काखमा लिई। विजयको मुखमा यसो हेरी। कुनै ठूलो विजय प्राप्त गरेर हाँसे झैं उ हाँसिरहेथ्यो। उसको छेउमा नर्स पनि उभिएर हाँसिरहेकी थिई। सुषमाले फेरि काखको नानीतिर आँखा घुमाई। नानीको अनुहार हेर्न थाली। नानीको नाकता एकदम विजयकै जस्तो लाग्यो उसलाई। झन् आँखा गाडेर हेर्न थाली। विजय भने भनिरहेथ्यो–– "सुषमा! छोराछोरीले माया खोस्नेछन् भनी मैले साँचो भनेको रहेछु, होइन त ?" उसले सुनेर पनि नसुने झैं गरी। नानीलाई अझ माया गर्न मन लाग्यो उसलाई। नानीको मुख आफ्नो मुखको छेउमा ल्याएर म्वाई खान खोजी। तर ... ... ... नर्सले अधिकारपूर्ण स्वरले भनी–
–"होइन, होइन अहिले त्यसो गर्नुहुँदैन।"

यत्तिकैमा उ ब्यूँझी। उ त त्यस बेला न हस्पिटलमा थिई न उसको काखमा कुनै शिशु थियो, न त्यो नर्स थिई न उसको हाँसिरहेको पति उसको अघिल्तिर उभिरहेको थियो। उसको पति विजय ता निद्रामा लट्ठ परेर ओछ्यानमा सुतिरहेको थियो। विचरीको शिरानी शिरमा नभएर बाहुपाशमा बाँधिएको थियो। मातृत्व उम्लेर आयो। डाँको छोडेर रुन मन लाग्यो उसलाई। तर ... ... ... ! गलामा अड्केको हिक्कालाई रोक्ने व्यर्थ चेष्टा गरी। अनि ... ... ... अनि हिक्क हिक्क गर्दै रुन लागी ... ... ... ।

## ममता–

'यो अनन्तकालीन प्रतीक्षाको लक्ष्य कहाँ होला.................. !
जीवनको शेषमा कि त्योभन्दा पनि पारि अझ पारि ..........!
लामो सुस्केरा हाली । विनोदतिर पिठ्यूँ फर्काएर कोल्टे परी । निदाउन प्रयास गरी । तर ................ किन हो आज निद्राले पनि उसलाई साथ दिएन । ऊ निदाउन सकिन । फेरि बर्बराउन थाली– 'हे ईश्वर ! म बाँच्न चाहन्छु ! मलाई बाँच्ने अधिकार देऊ । मैले केही दोष गरेकी छैन । मैले कसैको केही बिगारेकी छैन । कसैले मलाई बिगार्‍यो– म बिग्रें । मेरो जीवनलाई बिगार्‍यो–मेरो जीवन बिग्ग्र्यो । क्षणिक बसन्तको स्वप्न देखाएर चिर शिशिरको बीउ छर्‍यो । म छक्किएँ ........!"

"संसारले मलाई दाषी ठहरायो । त............... तिमीले मलाई दोषी नठहराऊ ! ठहराएकै भए पनि क्षमा गर । अब फेरि मबाट त्यस्तो भूल कहिल्यै हुने छैन, कहिल्यै हुने छैन.............! म सबै बिर्सन्छु । म नयाँ बन्नेछु । मेरो अस्तित्व, व्यक्तित्व सबै नयाँ बन्ने छन् । मेरो जीवनले नयाँ रूप लिनेछ– अनि..........!' चूप लाग्छे !

निदाइरहेको विनोदको मुखमण्डलतिर एकोहोरो हेरिरहन्छे । आज स्कूलबाट आउनेबित्तिकै विनोदले रुँदै उसलाई सोधेका कुराहरू सम्झी– "आमा ! बुबाको नाउँ के हो ? आज माष्टरजीले सोध्नुभएथ्यो । मैले भन्न सकिन ।" आफ्नो सानो हत्केला देखाउँदै फेरि भन्यो– "माष्टरजीले हातमा दुइ खेप हिर्काउनु भयो ।" तर उ मौन भएर बसिरही । केही उत्तर दिन सकिन । विनोदभने सोधिरहेथ्यो– "आमा ! भन्नोस्न बुबाको नाउँ के हो ? बुबा कहाँ हुनुहुन्छ ?" उफ्............... ! आज विनोदले कस्तो विभत्स प्रश्न गऱ्यो............ !! खलखली पसिना आए । उसको शरीर निथ्रुक्क भिज्यो । मानौ उसको तप्त आत्माका अस्त-व्यस्त र उष्ण भावहरू निस्किरहेथे । उ साह्रै उत्तेजित भई । सुतिरहेको विनोदलाई ब्यूँझाएर भनिदिन मनलाग्यो उसलाई– 'उसको बुबाको नाउँ के हो, कहाँ छ ?' इत्यादि । तर उसको मुख खोलिएन । उसले भन्न सकिन । सक्दिन । किन भन्न सक्दिन ? लाजले कि डरले ? त्यसो भए के उसले भूल गरी ? होइन– होइन, त्यस्तो कहिल्यै, कहिल्यै भन्न सक्दिन । यदि प्रेम स्वच्छ मार्ग हो भने समर्पण पनि त्यस मार्गको अन्तिम लक्ष्य हो !

कसैले स्नेह, माया, ममता दियो, उसले त्यसलाई आफ्नो

जीवन ठानी उसित प्रेमको अभिनय गऱ्यो । उसले पवित्र प्रेम ठानी र आफूलाई समर्पण गरी । अनि............ आफूलाई नाश पारी ।

उसलाई के थाहा ? यो पृथ्वी त नाटचशाला हो । यहाँका मानिसले अभिनय गर्न जान्दछन् । जसले राम्रो अभिनय गर्न जान्यो– उ एकजना प्रतिष्ठित व्यक्ति बन्यो । उसले अभिनय गर्न जानिन– त्यसैले उसले केही जानिन ।

एकछिनपछि नै उसको भावधाराले अर्को रूप लियो । जुन विनोदको मुखमण्डल हेर्दा जीउने आश्वासन पाउँथी– त्यही मुखमण्डल कुनै कुत्सित भावले परिपूर्ण भएको आकृति मात्र हो जस्तो लाग्यो उसलाई । उ तर्सी । ओछ्यानबाट जुरुक्क उठी अनि विनोदको मुखमण्डलतिर एक्टक् हेरिरही । विनोदका पिता नै आएर त्यस ओछ्यानमा सुतिरहेको जस्तो भान भयो उसलाई । अत्तालिंदै दगुरेर ओछ्यानदेखि अलिक टाढा ढोकानेर गएर उभिई । यसो हेरी । आँखा गाडेर हेरी । फेरि हेरी । "छिः मलाई यस्तो के भयो ?" फेरि ओछ्यानमा गएर बसी । उसले आफ्नो भ्रम बुझ्री । विनोदको अनुहार उसको पिताको जस्तै थियो । उसको मानसमा विनोदको अनुहारले के के प्रतिक्रिया गऱ्यो कुन्नि ? उसको अन्तरको सुकिसकेको घाउ फेरि आलो भए जस्तो लाग्यो उसलाई । अब भने– विनोदलाई पनि के के सोच्न थाली । "क्षणिक उत्तेजना, क्षणिक प्रेम अनि क्षणिक सहानुभूतिमा भुलेर गरेको पापको प्रत्यक्ष प्रमाण मात्र हो यो ! अरू केही होइन । नीरव आर्द्रता र गहभरी आँसु लिएर अनन्तकालीन प्रतीक्षाको भुत्भुतेमा पसेर, त्यसको जलनलाई

मात्र सहेर म बाँच्न सक्तिन । मैले पाप गरें । यस् पापको प्रायश्चित मैले भोग्नैपर्छ । यो तुच्छ घृणनीय देहको समाप्ति हुनैपर्छ ।' उ सहसा ओछ्यानबाट उठेर ढोकानिर पुगी ।

आधारात बितिसकेको हुँदो हो । गडचाङ गुडुङ मेघ गर्जिरहेथ्यो । मल्याक् मिलिक् बिजुली चम्किरहेथ्यो । अत्यन्त बेगले हुरी चलिरहेथ्यो । मानौं आज प्रकृति पनि उसको इच्छाको प्रतिकूल भइरहेछ । प्रकृतिको संकेत बुझ्ने शक्ति उसले अघि नै हराइसकेकी थिई । ढोका उघारी । चारैतिर एक खेप आँखा घुमाई । माया, मोह, लोभ सबै उसले भुली । एक-दुइ पाइला गर्दै अघि बढ्न थाली ।

मल्याक् मिलिक् बिजुली चम्क्यो । मुटु नै थर्काउने गरी चटचाङ्-चड्क्यो । ठीक त्यसै बेला-कता हो कताबाट 'आमा'..... भन्ने शब्द आएर उसको कानमा ठोकियो ।

फेरि सुनी– "आमा ... ... ... !" यस् मार्मिक शब्दले उसको सुप्त तन्द्रामा बज्रपात गऱ्यो । उ झस्की । –"हा ! मैले के गर्न आँटेकी ? म त एउटी आमा हुँ ! बिनुकी आमा !!" मातृत्व जाग्यो । फरक्क फर्केर– "मेरो बिनु ..........म आएँ" भन्दै वायु बेगले दगुरेर घरभित्र पसी । रोइरहेको विनोदलाई आफ्नो छातीमा टाँसेर रुँदै भन्न थाली– "मेरो बिनु ! मेरो राजा ! तँलाई छोडेर म कहीं जान्न ... ... कहीं जान्न ... ... !"

# सावित्री–

अस्तगामी सूर्यको अन्तिम किरण ब्रह्मपुत्रको तरङ्ग मालामा माथि नृत्यको तालमा उफ्रँदै थियो, सायद सन्ध्याकै आगमनका लागि होला ! एकछिनपछि नै भएभरको सौन्दर्य बटुलेर सन्ध्या देखा परिन् । हजारौं सौन्दर्यले सुसज्जित भए तापनि सन्ध्या–– सन्ध्या नै हुन्, उ जति सुन्दर हुन्छिन् उति नै भयानक पनि किनभने अन्धकारको आगमनमा नै सन्ध्या सन्तुष्ट हुन्छिन् ।

सन्ध्याको भयानक उद्देश्य बुझेर पनि आज सावित्री डराइनन् । उनको डरलाई अघि नै ग्लानि र क्षोभको हुरीले उडाएर धेरै टाढा पुऱ्याइसकेको थियो । उ एकोहोरो हिंडिरहेकी छिन्–– नदीको तीरै तीर । घरिघरि पगली झैं फत्फताउँछिन् अनि रुन्छिन् । रुँदारुँदै ब्रह्मपुत्र जति नै रोइसकिन् तर पनि उनलाई आँशुको अभाव भएन ।

रात झमक्क पऱ्यो । सन्ध्या सन्तुष्ट भइन् । तर साबित्री ...? आज प्रकृति पनि उप्रति असन्तुष्ट छिन् । नदीको कलकल ध्वनिमा हजारौं बिषाद र ब्यथा निहित भएको अनुमान गरिन् उनले । उनको हतासिएको हृदयले हाहाकार गऱ्यो । नदीको चिसो बतासले मुटु-कलेजो छियाछिया पार्न लागेको अनुभव भयो उनलाई । धेरै टाढा आइपुगें भने जस्तो लागेर एकखेप पछिल्तिर फर्केर हेरिन् । टाढा धेरै टाढा अलि-अलि उज्यालो देखिन् । नदीको तीरमा राति देखिएको त्यस उज्यालोलाई उनले राँके भूत नै हो भन्ने अनुमान गरिन् ।

केही बेरपछि 'टिङ्रिङ् ! टिङ्रिङ् !! घण्टी बजे जस्तो लागेर उनले फेरि पछि फर्केर हेरिन् । एउटा गोरु-गाडी रहेछ । गाडी आफू भएतिर आइरहेको थियो । सावित्रीलाई अब किन हो हिंड्न मन लागेन । ठिङ्ग उभिइन् । गाडीवाल एकजना बृद्ध रहेछन् । ती बृद्ध सावित्रीलाई देखेर गाडीबाट ओर्लेर सावित्रीनेर आए । उनले एकोहोरो सावित्रीलाई हेर्दै भने-- "आइमाई रहिछन् ! यस्तो रातमा को हो हँ ?" सावित्रीको मुखबाट केही शब्द निस्केन । एक्कासी सावित्रीको काखमा निदाएको नानी कहालियो । त्यसरी नानी कहालिंदा ती बृद्ध मुटुको रगतै सुक्ने गरी तर्सिए । एकछिनपछि साहस बटुलेर फेरि ती बृद्धले सावित्रीलाई नियालेर हेर्न थाले । तिनले देखे-- वर्षाका झरी झैं वर्षिंदै गरेका आँशुका अबिरल धारा । काखमा नानी च्यापेकी, नानी च्यापेकै हातमा एउटा सानो पोको पनि झुण्डाएकी; सायद नानी भोकाउला भनेर केही खाने कुरा बोकेकी होली ! अर्को हातमा थाङ्ना-थराको पोको लिएकी, मैला बस्त्र लगाएकी--

एउटी नारीलाई त्यस्तो असहाय अवस्थामा देखेर बृद्धका आँखा आँशुले डम्मै भरिए ।

"तिमीलाई के भयो नानी ! किन यो रातमा यसरी रुँदै हिंडेकी ?" सहानुभूतिका साथ बृद्धले सोधे । सावित्रीलाई आफ्नो दु:खको कथा सुनाउन मन नलागेर नै होला केही बोलिनन्; केवल रुन लागिन् । हृदयको अव्यक्त पीडा तथा दु:खलाई कृत्रिमताको पर्दाले छोप्न नारीले प्रकृतिबाट नै सिकेर आउँछन् । निकैबेरपछि सावित्री बोलिन्–– "म माइत हिंडेकी । मेरो माइत बोगिबिल हो । मलाई माइतसम्म पुऱ्याइदिए तपाइंको गुण कहिले पनि बिर्सने थिइन ।"

"हुन्छ, पुऱ्याइदिनेछु । म पनि बोगिबिल नै हिंडेको ।" बृद्धले भने ।

गोरुको घाँटीमा बाँधिएको घण्टीको 'टिङ्रिङ् ! टिङ्रिङ् !!' शब्द बाहेक चारैतिर चकमन्न थियो । एकछिनपछि निस्तब्धतालाई भङ्ग गर्दै बृद्धले सोधे–– नानी ! तिम्रा घरमा को को छन् नि त ?" थकित र कुण्ठित स्वर सावित्रीको कण्ठबाट निस्क्यो–– "म अनाथ हुँ बा ! मेरा कोही छैनन् । साँच्चै भन्छु बा, मैले यस संसारमा बाँच्नु पनि ब्यर्थ छ ।"

"त्यसो नभन नानी ! तिमीलाई सहिनसक्नुको पीर परेको छ; त्यो मलाई थाहा भइसक्यो । पीर कसलाई पर्दैन र ? राजादेखि लिएर दरिद्रसम्मलाई पीर पर्छ । अरूको कुरै के र, मलाई नै पनि कस्तो पीर परिरहेको छ । ईश्वरले मलाई सबै कुरो नै केही न केही दिए, तर सन्तान दिएनन् । कति तीर्थ–ब्रत

गरियो, तर खोई ? अँ, त तिम्रा खसमको चैं घर कहाँ छ नि नानी ?" आफ्नो पीर लुकाउँदै बृद्धले पुनः सावित्रीलाई प्रश्न गरे ।

पति-गृहको विषयमा बृद्धको सोधाइले सावित्रीको हृदयमा हाहाकार मच्चायो । तरै पनि रहेसहेको साहस बटुलेर बोलिन्– "बा ! मैले तपाइंलाई अघि नै भनिहालें नि, मेरा आफन्त कोही छैनन् । यस संसारमा म एक्ली छु ।" उ घुँक्क घुँक्क रुन थालिन् । तिनलाई फेरि केही सोध्ने बृद्धले आँट गर्न सकेनन् । तर केहीबेरपछि किन हो, सावित्री आफै मनको अव्यक्त वेदना निहित कथा व्यक्त गर्न थालिन्–– "बा ! लौ सुन्नुहोस् त मेरो कथा । मेरा खसम पढे-लेखेका विद्वान् छन् । म अनपढ गँवार थिएँ तापनि एक दिन म उहाँकी अति प्यारी पत्नी थिएँ । मेरा सासू-ससुरा र पति पनि त्यसबेला पढे-लेखेकी केटी मन पराउदैनथे । घरका सबै कामको भार मेरै टाउकामा खनिएको थियो । दिनभरि यन्त्रको पुर्जा झैं आफ्नो शरीरलाई चलाउनु पर्दथ्यो तापनि आफैलाई धन्य ठान्दथें । पति डिगबोईको तेल कम्पनीमा काम गर्दथे । कुन्नि किन हो, कम्पनीले उहाँलाई एक वर्षको लागि असम बाहिर पठायो । अनि उहाँ गएपछि भने मैले मानिसको शक्तिभन्दा बढ्ता, हदभन्दा पनि अधिक काम गर्नुपर्दथ्यो । किन सासू-ससुराले ममाथि यस्तो अत्याचार गर्न थाले भनेर कहिले काँही यो मनले प्रश्न गर्दथ्यो । पछि थाहा पाएँ, मैले आमाको हक पाउने भएछु , त्यही नै रहेछ मेरो ठूलो दोष ।" यति भनेर सावित्री केही क्षण चूप लागिन् र आँशु पुछ्दै फेरि भन्न थालिन्––

"पति जानु भएको प्रायः दश महीनापछि मेरो काखमा छोरो जन्म्यो । छोरो जन्मिनुभन्दा अघिदेखि नै सासू-ससुराले

मलाई सन्देह र घृणाका दृष्टिले हेर्न लागेका थिए । तिरष्कार गर्दथे । केवल घरबाट निस्केर जा मात्र भन्न सकेका थिएनन् । तर छोरो जन्मेको भोलिपल्टदेखिं नै 'निस्केर जा' पनि भन्न थाले । म चाहिं निस्किएकी थिइन । मेरो मनले भन्दथ्यो– 'जुनदिन मेरा पति फर्केर आउँलान्, त्यसदिन सासू-ससुराले पनि आफ्नो भूल सुधार्लान् ।' फेरि केहीबेर अडिएर सावित्री भन्न लागिन्––

"हुलाकीले पत्र छोडेर गयो । पत्र खोलेर ससुराले पढे । उहाँ आउनु हुने भएछ, मलाई सारै हर्ष लाग्यो । पत्र आएको भोलिपल्ट नै उहाँ आइपुग्नु भयो । उहाँसंग कुनै एउटी शिक्षता युवती पनि थिई । त्यसैरात सासू-ससुराले उहाँलाई मेरो सतीत्व माथि आक्षेप लगाएर अति नमीठा नमीठा पोल सुनाएछन् । उहाँलाई कान्छी भित्र्याउनु परेको बेलामा आफ्ना आमा बाबुका मुखबाट त्यस्ता कुरा सुन्दा, के खोज्छन् काना ? आँखा ! भने झैं हुन गयो । उसैरात उहाँले मलाई 'भोलि बिहान घरदेखि निस्केर जाने' निर्देश दिनुभयो ।"

यति भनेपछि सावित्री चूप भइन् । उसको हृदयले हाहाकार गऱ्यो । उनी रुन लागिन् ।

सावित्रीलाई सान्त्वना दिंदै बृद्धले भने– "भयो, अब नसुनाउ नानी ! तिम्रो दुःख म अझैं बढाउन चाहन्न ।" सावित्रीको मनमा तुमुल-द्वन्द्वको आँधी आयो । त्यस आँधीले उनलाई हुत्याएर कता-कता पुऱ्याउन लागेथ्यो; एक्कासी निदाएको नानीलाई काखमा च्यापिन् र नानीको निधारमा, मुखमा, आङमा च्वाक-च्वाक् म्वाई खाइन्–धेरै बेरसम्म ।

गाडी आफ्नै गतिमा अघि बढिरहेको थियो । निस्तब्धता चारैतिर व्याप्त थियो । सावित्री र बृद्ध दुवै मौन थिए । किन हो, नानी साह्रै रुन लाग्यो । "नानी किन यसरी रोयो ?" भन्दै बृद्धले पछिल्तिर फर्केर हेरे । तर त्यहाँ बृद्धले सावित्रीलाई देखेनन् । बृद्ध आत्तिए । हत्तपत्त बलिरहेको लालटिन हातमा लिएर बृद्ध गाडीबाट ओर्ले । तर सावित्री त्यसबेलासम्ममा अन्धकारमा हराइसकेकी थिइन् । निरूपाय बृद्ध अन्त्यमा मातृहीन शिशुलाई लिई आफ्नो गन्तब्य पथमा बढे ।

सावित्रीले छोडिइन्––सधैंका लागि । त्यसपछि उनलाई कहीँ, कसैले, कहिल्यै पनि देखेनन् ।

# अपराजिता–

'कुखु.... री.... काँ !'

नवप्रभातको आगमनमा रमाएर हो वा चमेलीलाई सुमिष्ट निद्राबाट वञ्चित पार्न हो, सँधै यसै बेला यो भाले बास्दछ। भाले बासेपछि उसलाई पटक्क निद्रा लाग्दैन। उ जुरुक्क उठी र ढोका उघारी। नवप्रभातको स्वच्छ वायुले उसको सारा शरीर नै शीतल पारिदियो। उसले फेरि पूर्वाकाशतिर हेरी। स्वर्णिम प्रभात मुसुक्क हाँसे जस्तो लागेर होला उ पनि मुसुक्क हाँसी। उसको तन, मन आनन्दले गद्गद् भयो, स्फूर्तिसित घरको धन्धा गर्नथाली।

त्यसबेला बिहानको दश बजेको थियो– एउटी युवतीले ढोका घच्घच्याउँदै भनी– "चमेली दिदी ! चमेली दिदी !!" उ

दगुर्दै गई र ढोका खोल्दै सोधी– "किन बोलाउनु भयो ? आउनुहोस् न भित्रै ।"

"होइन, आज मलाई बेर भइसकेको छ, अरू दिन आएर बसौंला– चमेली दिदी कहाँ हुनुहुन्छ ?"

"तपाईंले कुन चमेलीलाई खोज्नु भएको ? मेरो नाम पनि चमेली नै हो, यहाँ त चमेली नाउँ भएकी अरू............."

चमेलीको वाक्य नटुङ्गिँदै युवतीले भनी– "ओ...... क्षमा गर्नुहोला । मैले त तपाईंलाई पनि देखेकी थिइनँ, तपाइँको नाउँ पनि आजै दीपक दाज्यूको मुखबाट सुनेकी........"

उसले आफ्नो भूलमा आफैं लज्जित भए झैं अनुभव गरी । मुख-कान सबै राता भए; पक्क परेर चमेलीलाई हेरिरही– खुट्टादेखि टाउकैसम्म । कुनै उत्तर नमिलेको हिसाब जस्तो लागेर चमेली पनि निःशब्द भएर उभिरही ।

के युवतीले चमेलीलाई आफूभन्दा कम सुन्दरी देखी ? शायद, होइन होला ! पहिरनमा भने आकाश-पातालको प्रभेद थियो । युवतीले लगाएका लुगा, गहना तथा बोलीचालीबाट कुनै आधुनिक वातावरणमा हुर्केकी हो भन्ने अनुमान गर्न सकिन्थ्यो चमेलीले पनि आफूले लगाएका लुगा र गहनालाई एकपल्ट निरीक्षण गरी । किन हो कुन्नि, उसलाई अलिक संकोच लाग्यो । कानमा लगाएका गदवारीलाई छोप्ने प्रयत्न गर्दै टाउकोको मजेत्रो अलिक तानी । त्यस बेलासम्म पनि युवतीले उसलाई हेरिरहेकी नै थिई । केही समय बितेपछि मौनतालाई भङ्ग गर्दै भनी– "आउनु होस् न भित्रै ! केही काम पो थियो कि ?"

"होइन दिदी, अर्को कुनै दिन आउँला । दीपक दाज्यूले

भन्नु भएको छ, उहाँको निम्ति भान्सा नबनाउनु रे !"

यति भनेर युवती गइहाली । चमेलीले पनि सोध्न बिर्सिई– अहिलेको भान्सा नबनाउनु भनेको हो वा रातिको । किंकर्त्तब्यविमूढ भएर युवती गएतिर हेरिरही ।

रातले बाक्लै गाजल लगाएपछि भने चमेलीलाई साह्रै शून्य लाग्यो । टेबुल घडीको टिक्...टिक्...शब्द बाहेक त्यो कोठामा एकप्रकारको शून्यता व्याप्त थियो । झ्यालकै छेउमा उसको ओछ्यान थियो, त्यहीं गएर पल्टी । झ्याल अलिक अग्लो हुनाले, ओछ्यानमा पल्टिए पछि आकाशमा दुइ-चार तारा बाहेक अरू केही देखिंदैनथ्यो । तर घरिघरि किसिम किसिमका शब्दहरू आएर कानमा ठोकिन्थे । धेरै खेप उठेर हेरिसकी– कतै आफ्ना पति तथा नन्दहरू आए कि भनेर । रातको प्रायः बाह्र बजिसक्यो, अझै कोही आएका छैनन् । चमेलीलाई आफ्नो जीवनप्रति धिक्कार लागेर आयो । यो घरमा उ बाहेक सबै पढे लेखेका छन् । उसलाई पनि अक्षरसम्म चिन्न पाए पनि हुन्थ्यो भन्ने लाग्छ तर, चिन्हाउने कसले ? उसलाई पनि उनीहरू झैं डुल्न मन लाग्छ, तर डुलाउन संगमा लाने कसले ? विवाह भएदेखि आजसम्म दीपकले हँसिलो अनुहारले उसित बातसम्म गरेको छैन । पतिले उसलाई हेला गर्दछ । यो कुरो उसले राम्ररी बुझेकी थिई । उसले जान्दथी, पतिले उप्रति मात्रै होइन दाम्पत्य जीवनप्रति नै अवहेलना गरिरहेको छ । त्यही पनि उ केही बोल्दिनथी, बरु हृदयमा जलेको विरहाग्नीमा आफैं जलेर खरानी हुन तयार थिई; कारण उ थिई पतिब्रता, ममतामयी औ सहनशीलता नारी । उसको हृदयले भन्थ्यो, "पतिको विरोधी हुनु स्त्रीको कर्त्तव्य

एक्कासी चिप्लेर लडे जस्तो लाग्यो । "यो कहिल्यै हुन सक्तैन !" भन्दै घरबाट निस्केर दगुऱ्यो । चमेलीले बुझेर पनि बुझ्न सकिन । नारीको चिरआकांक्षित् अभिलाषा पतिस्नेह जसमा जन्म-जन्मान्तरदेखि नै अधिकार पाइल्याएको हुन्छ, त्यो अधिकारबाट चमेली स्वप्नमा पनि वञ्चित रहनु पर्दा– उसको हृदयमा कस्तो कस्तो लाग्यो । उ त्यहीं थचक्क बसी र रुन थाली ।

X X X

एकाबिहानै दीपकलाई देखेर आश्चर्य मान्दै कमलिनीले भनी– "दाज्यू, आज तपाइँ बिहानै आउनु भयो ?"

"त्यसो भए आएर भूल गरेछु होइन त ?" –अलिक क्रोधमिश्रित स्वरमा दीपकले भन्यो । "मैले त्यसो कहिले भनें र ?" रुञ्चे स्वरमा उसले भनी । दीपकले फेरि सोध्यो– "तिम्रो विवाह हुँदैछ रे, हो ?"

विवाहको कुरो सुन्ने बित्तिकै– कमलिनीले लामो सुस्केरा हाली र कलेजामा कुनि के के लेखी । आँखाका कोषदेखि झर्न आँटेको अश्रुलाई रोक्ने प्रयत्न गर्दै भनी– "दाज्यू ! तपाइँ निश्चय पनि मेरों विवाहमा................" कमलिनीको वाक्य नटुङ्गिंदै 'चेष्टा गर्नेछु' मात्र भनेर त्यहाँबाट दीपक निस्कियो र घरतिर दगुऱ्यो । घरको संघारमा पाइलो हालेको मात्र थियो– कसैको सुँक्क-सुँक्क रुवाइले फेरि उसको पाइलोलाई अघि सार्न दिएन । उसले यो पुकार सुन्यो– "हे ईश्वर ! मलाई बाँच्न देऊ ! पतिको अलिकति मायामा बाँच्न चाहन्छु । त्योभन्दा अधिक मलाई अरू केही चाहिंदैन ।" दीपकले स्पष्ट रूपले बुझ्यो– "चमेलीले 'अलिकति माया' को भिक्षा ऊसित माग्दैछे । दीपकको हृदयमा

स्नेह, माया, ममता एकैचोटि ओइरिएर आयो । उसलाई पश्चात्तापको भयङ्कर आँधीले हुत्याएर चमेलीको छेउमा पुऱ्यायो । चमेलीलाई आफ्नो बाहु पाशामा बाँध्दै भन्यो, “चमेली मलाई क्षमा गर ! तिमीलाई मैले साह्रै कष्ट दिएँ । तिमीलाई म मेरो प्राणभन्दा पनि अधिक माया गर्नेछु, कहिल्यै पनि हेंला गर्नेछैन ।” चमेली एकदमै आश्चर्यमा परी– तर उसको हृदय भने एक खेप मुसुक्क हाँस्यो ।

# एक दीप: दुइ पुतली-

पतिबाट पत्नीले त्यो प्रेम पाउनु पर्दछ, जुन प्रेमकी अधिकारिणी पत्नी बाहेक अरू कोही हुन सक्दैनन् । त्यस्तै पवित्र प्रेम पाइरहेकी रूपाको सानो हृदयले के त्यो मर्मान्तिक बिदाको मुहूर्त सहन सक्ला र ? रूपाका पति रमेशले पनि त्यो सब सहन सक्दैनथे । तर मानिस त परिस्थितिको दास हो । उनले त जान पर्ने थियो । जाने बेलामा आफ्नी प्यारी रौजीसंग भेट भएन । उ पाठशाला गएकी थिई । उता रमेशलाई बेर भइसकेथ्यो । "सहृदयसाथ मलाई बिदा देऊ रूपा ! बिलम्ब नगर !" रमेशले भने । रूपाले कसै गरेर पनि 'जानु हवस्' भन्न सकिनन् । "यो दुखियालाई नबिर्सनु होला ! चाँडै आउनु होला !" आँसुका ढिका खसाल्दै भनिन् । रमेशले पनि करुण स्वरले भने "तिमी चिन्ता नगर ! चाँडै आउनेछु रूपा; बिदा !"

आफ्ना पतिको प्रतीक्षामा बसेकी रूपा घरि घरि तर्सिन्थिन् कतै रमेशले बिर्सने त होइनन् ? पतिलाई उनी माया गर्थिन् । उनको प्रेममा आँधी जस्तो बेग थिएन । शान्त, शीतल र धीर स्नेहको मन्द गति थियो । आज आउलान् भोलि आउलान् भन्दा भन्दै वर्षदिन बितिसके । त्यस्तै केही सोच्दै उनी ओछ्यानमा गएर पल्टिइन् । आफ्ना पतिसंग बिताएका सुनौला दिनहरूको स्मरण गर्न थालिन् । किन हो आज रूपालाई उनको सम्झना घरि घरि आइरहेछ । उनका आँखाका अघि अतीतका घटनाहरू एक एक गरी चित्रित भइरहेका थिए । कसरी अप्रत्याशित रूपले रमेशसंग उनको भेट भएको थियो शिलाङ रोडमा डुल्न जाँदा । त्यसदिन रमेशसंग कुराकानी गर्दा उनका मनमा कति आनन्द लागेथ्यो । उनीहरूमा दिनदिनै आत्मीयता बढ्दै गयो । रमेश सधैं भन्दथे– “रूपा, तिमी कति राम्री !” साँच्चि नै रूपा बिछट्ट राम्री थिइन् । मानो सिपालु शिल्पीले मनलाएर बनाएको प्रतिमा ! रूपाको तुलनामा रमेश पनि कम्ति थिएनन् । दुवैको स्वीकृतिले विवाह पनि भयो । तिनी दुवैले विवाहको रात प्रतिज्ञा गरे “हामी दुइको जीवन तथा मरण एकै साथमा हुनेछ ।” उनीहरूले आफ्नो दाम्पत्य जीवनलाई अति सुन्दर रूपलें अघि बढाउँदै लगे । यसरी नै दिनहरू बित्न थाले वर्षदिन पछि नै उनीहरू एउटी छोरीका आमा-बाबु भए ।

यसरी नै दिनपछि सप्ताह, सप्ताहपछि वर्ष गर्दै पाँच वर्ष अतिवाहित भएर छ वर्षमा पाइलो टेक्यो । यस्तैमा ती दुइ पति-पत्नीको विछोड भयो । तैपनि रूपा निराश भएकी छैनन् । यस्तै कुराहरू सम्झिरहेकी थिइन्, ढोका घच्घच्याए जस्तो लागेर

# अभिशप्त–

"तिमीले के भनेकी कान्ता ? अझ केही बिग्रेको छैन । जाऊ बुबासंग आफ्नो सहमत प्रकट गर ! यो शुष्क उद्यानमा हरितिमा ल्याउने चेष्टा गरेकी हौली । तिमीहरूले चारैतिर उराठिलो देखे तापनि मैले देखेको छैन । मेरो कल्पना अत्यन्त सुन्दर चित्र बनेको छ । जीवनमा अपूर्ण अभिलाषाहरू स्वप्न बनेर आउँदछन् । स्वप्नमा नै मेरा सबै आशा-अभिलाषाहरू पूर्ण हुन्छन् । ती सबै क्षणिक भए तापनि मैले यस स्वप्नबाट जीवन पाउँदछु........ जीवन । मलाई यो पवित्र स्वप्नमय जीवनबाट बञ्चित पार्ने प्रयास नगर कान्ता ! म तिमीलाई हात जोड्दछु............."

"–तर दाज्यू ...........!"

"छिः कान्ता अलिक लज्जा गर्न सिक। लज्जा नारीको आभूषण हो। जुन नारीमा लज्जा छैन त्यो नारी होइन।" अघिदेखि नै उम्लिरहेका भावहरू एक्कासी दीपकको मुखबाट निस्के। उसको मुखाकृतिमा कान्ताप्रति उपेक्षाको भाव जागेको छ भन्ने अनुमान गर्न सकिन्थ्यो। कान्ताको हृदयले हाहाकार गऱ्यो ! केही भन्न सकिन। दुवै हत्केलाले मुख छोपी र रुँदै कोठाबाट निस्किएर दगुरी।

दीपकको हृदयमा कान्ताप्रति सहानुभूति जाग्यो। उसको हृदयले कान्तालाई सान्त्वना दिने आग्रह गऱ्यो– तर उसको जिब्रो हल्लिएन। कठिनभन्दा पनि कठिन ढुङ्गाको टुक्रा झैं अटल-अचल नै रह्यो। कान्ताले दीपकलाई चिन्न सकिन ! उसले रचेको संसार खण्ड-विखण्ड भएर टुक्रियो। त्यसो नहोस् पो किन, उसको कल्पनाले उसलाई झूठो आश्वासन देखाएर भूलै भूलको संसार रच्न लगाएथ्यो।

आज कान्ताको विवाहको दिन थियो। केशवसंग उसको विवाह भइरहेथ्यो। केशव थियो दीपकको अभिन्न मित्र। उनीहरू दुवै संगसंगै काम गर्दथे। दुवै डाक्टर थिए। सानैदेखि उनीहरूमा घनिष्टता प्रगाढ थियो र अझ पनि छ। एकप्रकार दीपककै अनुरोध हार्न नसकी केशवले कान्तासंग वैवाहिक सम्बन्ध जोर्ने निश्चय गरेको थियो। आज उ दुलाहा भएर यज्ञमण्डपमा बसिरहेथ्यो। दीपक पनि केशवसंगै बसिरहेथ्यो। दमाईहरू आफूले बजाएका बाजामा आफै मस्त भएर उफ्री-उफ्री नाच्दै थिए। कसैले झ्याम्टा त कसैले मादल, यसरी नै नरसिङ्गा, कर्नाल, टयाम्को, दमाहा, बाँसुरी, सहनाई इत्यादि फेरी-फेरी बजाइरहथे।

बजिरहेका एक एकवटा बाजाले एक एकवटा तीखा-तीखा सिया बनेर दीपकको सारा शरीरलाई घोचिरहेथे । त्यो घोचाइले उ मर्माहत् भइरहेथ्यो, छटपटाइरहेथ्यो अनि– मनमनै रोइरहेथ्यो । दीपक फेरि त्यहाँ बसिरहन सकेन । निद्राको निहुँ गरेर आफ्नो घरतिर आयो ।

दीपकले सरासर घरमा पुगेर त्यो कोठा खोल्यो– जुन कोठामा उ बाहेक कसैले पाइलोसम्म हाल्न पाएका छैनन् । त्यो कोठाको ढोकामा सँधै नै ताल्चा झुण्डिरहन्छ । साँचो केवल एउटा छ– त्यो पनि उसैको हातमा छ । उसका साथीहरूले धेरै खेप जिद्दी गरिसके– “त्यो कोठामा के छ ? हामी नहेरी छोड्दैनौं ।” तर दीपकले कुनै दिन पनि त्यो कोठाको ढोका उघारेर देखाउने इच्छा गरेन । हुन त त्यो कोठामा केही थिएन-तर त्यहाँ जे जति थियो उसको सर्वस्व थियो । त्यो कोठाको संघारमा पाइलो हाल्नेबित्तिकै उसले अस्पतालको त्यो रोगीलाई बिर्सन्थ्यो– जुन रोगीको जीवन उसको हातमा थियो, आफ्ना आमा-बाबुलाई बिर्सन्थ्यो– स्वयं आफूलाई पनि बिर्सन्थ्यो– जतिखेर कल्पनाको त्यो ठूलो तस्वीरलाई उसका क्लान्त दुइ-आँखाले हेर्दथे ! त्यस बेला उसले सबै पाउँदथ्यो– जति उसले हराएथ्यो ।

दीपक एकोहोर त्यो तस्वीरलाई हेर्न थाल्यो । मानौं त्यो तस्वीरकी कल्पनाले सजीव रूप लिएर भनिरहिछ– “हाम्रो विवाहमा पनि त्यस्तै बाजाहरू बज्लान् हकि ?” उसले पनि टाउको हल्लाउँदै भन्यो– “अँ बज्नेछन् । त्यसरी नै बज्नेछन् !!” उषाको स्वर्णिम स्वप्न झैं प्रस्फुटित यौवनको अस्तव्यस्त आशा अभिलाषाले हृदयबीणाको प्रत्येक सूक्ष्म तारहरूमा कम्पनको सृष्टि

गऱ्यो । जीवन-अनलको तापले तप्त जीवन पनि आनन्दमा विभोर भयो । कल्पनाको भमरालाई बौलाहा तुल्यायो– सुखमय मिलनको मधुर सम्झनाले । आखिर उषाको स्वप्न पो कतिबेर रहँदो रहेछ र । एकछिनपछि नै कल्पनाको सजीव मूर्ति तस्वीरमा परिणत भयो । दीपकले भने त्यो तस्वीरलाई नै हेरिरह्यो । केवल हेरिरह्यो– तर... त्यो तस्वीरले किन हो आज उसको तृष्णा मेटाउन सकेन । मेटाओस् पो कसरी ? त्यो ता कल्पनाको एक निष्प्राण तस्वीर जो थियो । जति जति त्यो तस्वीरतिर हेरिरहेथ्यो–उति उति विगत जीवनका घटनाहरू सजीव हुँदै जाँदै थिए । मानौं ती जम्मै उसका जीवन-काव्य थिए । सम्झनाको हुरीले एक्कासी उसका मानसमा अंकित विगत स्मृतिका पानाहरू क्रमैसित पल्टाउन थाल्यो । सम्झदै गयो दीपकले...... डिब्रुगढमा 'अखिल असम संगीत प्रतियोगिता' समारोह भइरहेथ्यो । संगीत प्रतियोगितामा गौहाटीकी सुगायीका कल्पना श्रेष्ठ पनि आएकी छे भन्ने दीपकले सुनेथ्यो । राम्रो गीत गाउँछे- त्यसैले उसलाई सबैले 'कोकिलकण्ठा' कल्पना भन्दछन् भन्ने कुरा दीपकलाई थाहा थियो । तर स्वाभाविक भेटघाटको परिचय भएको थिएन । कल्पनासित परिचय गर्ने विशेष आवश्यकता नभए तापनि– उसका मनमा उत्कण्ठ इच्छा अवश्य थियो । कारण उसले गाउन जान्दैनथ्यो, तर संगीत साह्रै रुचाउँथ्यो । भएन, कल्पना नाम चलेकी नेपाली गायिका थिई, त्यसका लागि मनमनै गौरव गर्दथ्यो ।

प्रतियोगिता आरम्भ हुनुभन्दा अलिक अघि दीपक त्यो कोठाभित्र पस्यो–जहाँ ठाउँठाउँका प्रतियोगी कलाकारहरू जुटेका थिए । उसंग उसको अन्तरङ्ग साथी केशव पनि थियो । ती

कलाकारहरूका मुखाकृतिबाट कोही कोहीभन्दा कम्ती छैनन् भन्ने अनुमान गर्न सकिन्थ्यो । दीपकका दृष्टिमा सबै नै अपरिचित थिए । पस्नलाई पस्यो अब सोध्ने कसलाई................? यस्तै केही सोचिरहेथ्यो एउटी युवती कोठाभित्र पसी । उ साह्रै सरल देखिन्थी । त्यसैले होला दीपकले अरूलाई नसोधेर आगन्तुक युवतीलाई नै सोधिहाल्यो–

"तपाइँले कल्पना श्रेष्ठलाई चिन्नु हुन्छ ?"

"केही काम पो थियो कि ?"

"काम त केही थिएन । उहाँको नाउँ अघिदेखि नै सुनेकोले र उहाँले खूबै राम्रो गीत गाउनु हुन्छ भन्ने थाहा पाएकोले उहाँसित परिचय गर्ने एकान्त इच्छाले आयौं । कृपया उहाँलाई बोलाइदिने कष्ट गर्नु हुन्छ कि ?" यत्तिकैमा एकजना अधबैंसे मानिस आएर– "कल्पना, तिमीलाई बोलाउँदै छन् । सबैभन्दा अघि तिम्रो गीत पो हुन्छ रे" भनेर गइहाले । कल्पनाले अलिक अप्रस्तुत भए झैं गरी । यता दुइजना अपरिचित व्यक्तिले उसित परिचय गर्ने आग्रह गरिरहेछन्– उता उत्ति नै खेरि प्रतियोगिता आरम्भ हुने, अर्थात् उसले गाउनु पर्ने । दीपकले कल्पनाको त्यो अवस्थालाई राम्ररी बुझ्यो र भनिहाल्यो–

"हुन्छ । तपाइँ जानुहोस् । हामी बाहिर गएर बस्ने छौं ।"

"–एकछिन पर्खनोस् है ! मेरो गीत सकिएपछि फेरि कुरा गरौंला–" यति भनेर उ गइहाली । दीपकलाई भने किन हो अलिक लाज लाग्यो ।

तर उसको हृदयले कल्पनाको त्यो सरल भावधारा र उदार प्रकृतिको प्रशंसा नगरी सकेन ।

नभन्दै एक घण्टा जति अपेक्षा गरेपछि कल्पनासंग उनीहरूको भेट भयो। दीपक र केशवसंग कल्पनाले निकै आत्मीयताले कुराकानी गरी पहिलो भेटमै उनीहरूले एक अर्कासंग घनिष्टता बढाए।

भोलिपल्ट बिहान पनि दीपक र केशव कल्पनासंग भेट गर्न गएका थिए। धेरै बेरसम्म कुराकानी भएपछि कल्पनाले भनी–

"दीपक दाज्यू! आज बेलुका मलाई डिब्रुगढ शहर डुलाउनु होस् न, लौ! यहाँ आएदेखि कुवाको भ्यागुतो झैं थन्किरहेकी छु। अब ता दिक्क लागिसक्यो।" दीपकले स्वीकृतिसूचक शिर हल्लायो र काममा जाने समय भएकोले उनीहरू विदा लिएर हिंडे।

साँझमा दीपक र केशव कल्पनालाई डुलाउँदै ब्रह्मपुत्रको तटमा पुगे। ब्रह्मपुत्र आफ्नै गतिमा बगिरहेथ्यो– अनि उनीहरू बगिरहेथे फेद-टुप्पो नभएका मीठा मीठा कुराहरूमा। त्यस्तैमा दीपकले कल्पनासंग एउटा गीत गाउने आग्रह गर्‍यो। कल्पनाले गाई। दुवै मन्त्रमुग्ध भएर सुनिरहे। गीत गाइसकेपछि कल्पनाले भनी–

"दाज्यू, समय अनुकूल परे कहिले काहीं भूलचूकले हाम्रो गोहाटीतिर पनि दर्शन दिन नभुल्नु होला है!" कल्पनाको यो कुरालाई सहर्ष स्वीकार गर्दै दीपकले शिर हल्लायो र एकटक कल्पनाको मुखमण्डलतिर हेर्न लाग्यो। उसका दुइ नेत्रमा निहित भाषा बुझेरै होला उ मुसुक्क हाँसेकी थिई। त्यसपछि दीपक र केशव कल्पनालाई उसको डेरासम्म पुर्‍याएर आफ्नो घरतिर

गए । भोलिपल्ट बिहानै कल्पना गौहाटी जान रेलमा चढी । दीपक र केशवले रेल टाढा पुगुञ्जेल प्लेटफर्ममा उभिएर उतै हेरिरहे । दीपकले भने के के हराए जस्तो अनुभव गऱ्यो ।

दिन अघि बढ्दै गए । कल्पना र दीपकमा पत्रको आदान-प्रदान बाक्लिंदै गयो । कल्पनाको आग्रह रक्षा गर्न दीपक गौहाटी गयो । दीपक झैं शिक्षित र शान्त युवकलाई आफ्नो बीचमा पाउँदा कल्पनाका आमा-बाबु साह्रै खुशी भए । घनिष्टता अझ बढ्यो ।

प्राय: दुइ वर्षपछि । कल्पना र दीपकको विवाह निश्चित भयो । विवाह हुन पन्ध्र दिन मात्र थियो । एक दिन ओछ्यानमा पल्टिएर दीपक भूत-भविष्यका कुराहरू सोचिरहेथ्यो । कसरी अप्रत्याशित रूपले एक आत्माको प्रस्तावलाई अर्को आत्माले समर्थन गरेथ्यो । उसले एकान्तमा भनेका कुराहरू दीपकले सम्झँदै गयो- "संसारका सबै मानिस निराशावादी भएछन् भने पनि हामी संधै आशावादी हुनुपर्छ । संसारका सबैले जीउँदै मुर्दाको रूप धारण गरेछन् भने पनि हामी सजग रहनुपर्छ । हामी बाँच्न पर्छ- हामीले केही गर्नैपर्छ !" उसले मनमनै गर्व अनुभव गऱ्यो- "वाह ! यो संसारमा शायद मभन्दा भाग्यमानी पुरुष कोही छैनन् होला ! कल्पना जस्ती एउटी आदर्श नारीलाई मैले पत्नीको रूपमा पाउँदैछु !" यस्तै केही सोचिरहेथ्यो ढोका घच्घच्याउँदै "टेलिग्राम हजूर !" भनेर कराएको सुन्यो । टेलिग्राम भन्ने बित्तिकै- दीपकलाई कस्तो कस्तो लाग्यो । हत्तपत्त ढोका उघारेर हुलाकीको हातबाट टेलिग्राम लिएर खाम च्यातेर यसो हेरेको मात्र के थियो- अत्यन्त गहिरो खाल्डोमा चिप्लेर खसेजस्तो

लाग्यो उसलाई । पानीदेखि निकालिएको माछा झैं छटपटायो, चारैतिर केवल अन्धकार देख्यो । उत्ति नै खेरि उसले गौहाटी जाने निश्चिय गऱ्यो ।

दीपक हातमा सुटकेश लिएर फुत्त निस्केको मात्र थियो, कता कताबाट केशव पनि टुप्लुक्क आइपुगेछ-

"अरे दीपक ! तिमी कता जान लाग्यौ ?" केशवले प्रश्न गर्ने बित्तिकै टेलिग्रामका प्रत्येक अक्षरहरू एक एकवटा बिजुली झैं उसको मस्तिष्कमा प्रतिविम्बित भए । नाक, कान सबै राता भए । आँखा आँशुले टम्मै भरिए । केही भन्न खोज्यो तर सकेन । गोजीबाट टेलिग्राम निकालेर केशवको हातमा राखिदियो र सरासर स्टेशनतिर हिंड्यो ।

हतासिएको हृदय लिएर दीपक गौहाटी स्टेशनमा ओर्ल्यो, अनि सोझै अस्पतालतिर लाग्यो । अस्पतालको ढोकानेर पुगेथ्यो, कतिपय मानिसले कुरा गरिरहेको उसले सुन्यो-

"साह्रै नराम्रो चालले दुर्घटना भएछ । दुइवटी त उत्ति नै खेरि मरेछन् । अर्की चाहिं बाँच्छे कि मर्छे भन्न सकिंदैन । ड्राइभरको पनि पत्तो छैन ।" दीपकले फेरि तिनीहरूका कुरा सुनिरहन सकेन । सरासर अस्पतालभित्र पस्यो । कल्पनाका पिताले- "नानी, त्यता होइन यता आउनु होस् !" भन्दा दीपक झस्क्यो । यसो हेरेको ता कल्पनाका आमा-बाबु औ अन्य धेरै मानिसलाई उसले रोइरहेका देख्यो ।

हत्तपत्त उनीहरू भएका ठाउँमा पुग्यो । कल्पना पनि त्यहीं रहिछ । खुट्टादेखि टाउकैसम्म बेण्डेज गरेको । कल्पनालाई त्यस्तो अवस्थामा देखेर दीपक साह्रै आत्तियो । अचेत अवस्थामा

पनि उसले भनिरहेकी थिई-

"दीपक दाज्यू ! .......... बाँच्न पर्छ .......... ! तपाइँ-म बाँच्नै पर्छ .......... हामीले केही न केही गर्नै पर्छ.......... !" एकछिन पछि फेरि- "दीपक दाज्यू .......... ..........! !" भन्दै चिच्याई । दीपकलाई उसका मुटु-कलेजा कसैले चुँडेर लगे जस्तो लाग्यो । उसको हृदयले हाहाकार गऱ्यो । कल्पनाको हात आफ्नो हातमा राख्दै उसले भन्यो-

"कल्पना ! म यहीं छु, तिम्रो छेवैमा छु ।" कल्पनाले दीपकको हात जोडसंग समाती । तर.......... एकछिन पछि आफै हातको बन्धन खुकुलो भयो । दीपकको हातदेखि कल्पनाको हात छुट्टियो- छुट्टियो संधैका लागि .......... .......... ! !

साह्रो स्वरमा बजेको नरसिङ्गाले उसको तन्द्रा भङ्ग गरिदियो । ऊ झस्कियो । केशव र कान्ताको विवाह भइरहेको कुरो उसले सम्झ्यो । बिहान भइसकेको थियो त्यस बेला । हस्याङ फस्याङ गर्दै ऊ विवाह घरमा पुग्यो । तर ..........
त्यसबेला अन्माएर कान्तालाई मोटरमा चढाइसकेका थिए । दीपकले त्यो मोटरतिर यसो हेऱ्यो- सिउँदोको सिंदुर मात्र छोप्ने गरी घुम्टो ओढेर दुलाहाको देब्रेतिर केही निहुरेर कान्ता बसेकी थिई । उसलाई बिदा दिने अभिप्राय लिएर दीपक उसको छेउमा गएर उभियो- तर दीपकको मुखबाट केही वाक्य निस्केन । उसले देख्यो- कान्ताका आँखिभौं थर्रर कामेर अलिक माथि उचालिए अनि तल झरे । आँखाका कोषदेखि तप तप आँशुका थोपाहरू उसले लगाएको रातो फरियामाथि खसे । रातो फरियालाई अझ रातो पारेर एक छिन पछि बिलाए । ड्राइभरले

मोटर स्टार्ट गऱ्यो । दीपकले केशवसंग हात मिलायो । बोल्ने शक्ति उसमा थिएन । निश्चल भएर धूलो उडाउँदै गएको मोटरतिर हेरिरह्यो । थाहै नपाई उसका आँखाबाट पनि दुइ थोपा आँशु भूइँमा खसेर बिलाए ! ! ... ... ... ...

# वनिताका प्रकाशनहरू

| | | | |
|---|---|---|---|
| १. | सा. देवकुमारी थापा | व्यक्तित्व र कृतित्व | सं.लक्ष्मी उप्रेती |
| २. | मनेको म्याँ-म्याँ | बालकविता संग्रह | लक्ष्मी उप्रेती |
| ३. | कृष्णको पछुतो | बालकथा संग्रह | लक्ष्मी उप्रेती |
| ४. | लोखर्केको बुद्धिमानी | बालकथा संग्रह | सुभद्रा पन्त |
| ५. | हावा चल्यो | बालकविता संग्रह | वसुश्री पाण्डे |
| ६. | बन्दी चरो | बालकविता संग्रह | अस्मिता शिवाकोटी |
| ७. | कर्मको फल | बालकथा संग्रह | लक्ष्मी उप्रेती |
| ८. | सोमत र मोमत | बालकथा संग्रह | वसुश्री पाण्डे |
| ९. | बुद्धिमानी बाँदर | बालकथा संग्रह | लक्ष्मी उप्रेती |
| १०. | कमलविनायक आराधना | भजन संग्रह | स्नेह पोखरेल |
| ११. | स्निग्ध अनुभूति | लामो कविता | लक्ष्मी उप्रेती |
| १२. | समय दृष्टि | निबन्ध संग्रह | भद्रकुमारी घले |
| १३. | कर्कलाको छाता | बालकविता संग्रह | विवश पोखरेल |
| १४. | एक फूल अनेक रङ् | प्रबन्ध संग्रह | शान्ता पोखरेल |
| १५. | चराहरूको मेलमिलाप | बालकथा संग्रह | कमला कुँवर |
| १६. | कला र जीवन | चित्र साहित्य | भद्रकुमारी घले |
| १७. | परीको घर | बालकथा संग्रह | जलेश्वरी श्रेष्ठ |
| १८. | साहसी आकांक्षा र पवन परी | बालउपन्यास | लक्ष्मी उप्रेती |
| १९. | खबरभित्रको खबर खबर बाहिरको खबर | व्यङ्ग्यात्मक कविता | डा. उषा श्रेष्ठ |
| २०. | अँध्यारो कोठा | बालउपन्यास | सरुभक्त |
| २१. | मेरो देश | बालकविता संग्रह | अस्मिता शिवाकोटी |
| २२. | ममता | कथासंग्रह | चन्द्रकला नेवार |

कथाकार,कवि, गीतकार र गायिका चन्द्रकला नेवारले कथासङ्ग्रह **ममता** भित्र नारी जीवनका विभिन्न पक्ष, उनीहरूका कोमल भावना तथा मानवीय जीवनका अनेक पाटाहरुलाई वडो सरल र सरस ढङ्गमा प्रस्तुत गर्नु भएको छ ।

-माया ठकुरी

चन्द्रकला नेवार नेपाली साहित्याकाशमा चिरपरिचित नाम हो । साहित्यका विविध विधामा कलम चलाउने स्रष्टा चन्द्रकला सिद्धहस्त लेखिका भएको कुरा उहाँका कृतिहरुबाट प्रष्ट हुन्छ । चार दशक अघि देखि प्रारंभ भएको उहाँको साहित्यिक यात्रा गौरव गर्न योग्य छ ।

-लक्ष्मी उप्रेती

सवै कल्पना सत्य हुँदैनन् । तर सत्यको आधार होइन पनि भन्न सकिँदैन । त्यसैले सत्य-असत्य, कल्पना-वास्तविकता यी सबैलाई नै सँगालेर आफ्नै आँखीझ्यालमा देखा पर्नपर्न खोजेका कतिपय घटनालाई कथाको रुपमा ल्याउने प्रचेष्टा गरेँ ।

-चन्द्रकला नेवार

ISBN: 99933-744-4-X